पुनर्वास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुनर्वास,कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.२०७८/७९
च.नं. ३१६

मिति २०७८।५।२१

विषयः विद्यालयमा पठनपाठन सञ्चालन सम्बन्धमा।

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै
पुनर्वास नगरपालिका, कञ्चनपूर।

उपरोक्त सम्बन्धमा जिल्ला प्रशासन कार्यालय कञ्चनपूरका प्रमुख जिल्ला अधिकारीबाट मिति २०७८।५।१८ गते जारी भएको आदेश तथा जिल्ला कोभिड व्यवस्थापन समिति कञ्चनपूरको मिति २०७८।५।१८ को निर्णय नं २ अनुसार **शैक्षिक संस्थाहरुले सकेसम्म भौतिक उपस्थितिमा नभइ भर्चुअल माध्यमबाट पठनपाठन गर्ने/गराउने व्यवस्था मिलाउने। भौतिक उपस्थिति गरी गराई पठनपाठन सञ्चालन गर्नु पर्ने भएमा नेपाल सरकारले यही २०७८ श्रावणमा जारी गरेको स्मार्ट लकडाउन सम्बन्धी कार्यविधिको प्रावधान भित्र रही जनस्वास्थ्यका मापदण्डहरुको कडाईका साथ पालना गर्ने गरी,सो पालना भए नभएको बारे सम्बन्धित स्थानीय तहले कडाईका साथ अनुगमन गर्ने र पालना भएको नपाईएमा आफै वा स्थानीय प्रशासनको सहयोग लिई त्यस्ता शैक्षिक संस्था तत्काल बन्द गराउने गरी सञ्चालनको निर्णय भएको।** पुनर्वास नगरकार्यपालिकाको मिति २०७८।५।१९ गतेको बैठकले स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई विद्यालय खोल्ने,मापदण्ड अपनाएको/नअपनाएको सम्बन्धमा अनुगमन गरी मापदण्ड पालन नभएको पाइए तत्काल विद्यालय बन्द गर्ने निर्णय भएको। यस नगरपालिकाको अवस्था स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि, २०७८ मा उल्लेखित समुदायमा COVID 19 संक्रमणको अवस्था निर्धारण गर्ने सूचकहरुको आधारमा विश्लेषण गर्दा हाल यो नगरपालिका Green Zone (Minimal Lock down) भित्र पर्ने देखिएकोले मिति २०७८।५।२१ गतेको बसेको नगर शिक्षा समिति र प्रधानाध्यापकहरुको संयुक्त वैठकले नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी गरिएको ***कोभिड १९ को सन्दर्भमाः विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा,*** २०७७ अनुसार संक्रमणको जोखिम,विद्यार्थी संख्या तथा उपलब्ध भौतिक पूर्वाधार हेरी आवश्यक व्यवस्थापन गरी विद्यालय सञ्चालनका लागि उक्त कार्यढाँचामा उल्लेखित विकल्पहरुमध्ये उपयुक्त विकल्प विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक संघ तथा शिक्षकहरुको सहयोग तथा समन्वयमा छनौट गरी मिति २०७८।५।२७ गते भित्र विद्यालय सञ्चालन गर्नु हुन र सोही मिति भित्र पुनर्वास नगरपालिकाको शिक्षा शाखामा सो को जानकारी गराउनु हुनका साथै तपसिलमा उल्लेखित आचारसंहिता सहित विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा २०७७ एवं जनस्वास्थ्य सम्बन्धी मापदण्डहरु पूर्ण पालना गरी/गराई सबै विद्यालयहरुले पठन पाठन सञ्चालन गर्ने, गराउने निर्णय भएकोले सोही बमोजिम गर्नु गराउनु हुन अनुरोध छ।

शिवराज भट्ट
शाखा अधिकृत

तपसिल

## विद्यार्थीहरुले पालना गर्नुपर्ने आचारसंहिता

- विद्यार्थीहरुले विद्यालय आउदा अनिवार्य रुपमा मास्क लगाउनुपर्ने
- विद्यालयहातामा प्रवेश गर्नु अघि अनिवार्यरुपले स्यानेटाइजर वा साबुनपानीले हात धुनुपर्ने
- घरबाट विद्यालय आउदा र विद्यालयबाट घर फर्किदा बाटोमा सामाजिक दूरी कायम गर्ने र अनावश्यक भिडभाड नगरी विद्यालयमा प्रवेश गर्ने
- विद्यालयम समय- समयमा साबुनपानीले अनिवार्य रुपमा हातधुने
- खोकी लाग्दा वा हाच्छ्यु गर्दा अनिवार्य रुपमा कुहिनाले वा रुमालले मुख छोप्ने
- कक्षाकोठाभित्रको वसाइमा कम्तीमा १ मिटरको भौतिक दूरी कायम गर्ने
- विद्यालय प्राङ्गणमा हिडदा भौतिक दूरी कम्तीमा २ मिटर कायम गर्ने
- कक्षाकोठमा रहदा व्यक्तिगत सामानहरु जस्तैःकिताब,कपी,कलम,पेन्सिल,क्यालकुलेटर,इरेजर साटासाट नगर्ने

Phone Fax-099-420035,website:www.punarbasmun.gov.np,email.punarbasnagarpalika55@gmail.com

Scanned with CamScanner

पुनर्वास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुनर्वास,कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं २०७८/७९
च.नं. ३९८

- कुनै विद्यार्थीले खाजा वा खाना एक अर्कोलाई बाँडेर नखाने
- विद्यालय सञ्चालनको क्रममा अनावश्यक हिडडुल नगर्ने
- पठन पाठ्नको क्रममा पर्याप्त हावा र प्रकाश आउने गरी झ्याल ढोकाहरु खुल्ला राख्ने
- विद्यार्थी विद्यालय प्रवेश गरेर जुन सिटमा बसेको छ नियमित रुपमा सोही सिटमा अनिवार्य रुपमा वस्ने
- विद्यालयभित्र स्वास्थ्य सम्बन्धी कुनै समस्या भएमा सम्पर्क व्यक्ति वा कक्षाको मोनिटर वा कक्षा शिक्षक वा प्रअ लाई जानकारी गराउने
- शौचालय जाँदा आउँदा भिडभाड नगरी सामाजिक दूरी कायम गरेर जाने आउने गर्ने र साबुनपानीले अनिवार्य हात धुने
- विद्यालय हातामा रहदा अनिवार्यरुपमा मास्क लगाउने,मास्क खोलेर नाक,मुख हातले नछुने,
- विद्यालयबाट घर गई सकेपछि अनावश्यक रुपमा समुदायमा घुमफिर नगर्ने र सामुहिक खेलकुद क्रियाकलापमा सहभागी नहुने

**शिक्षकहरुले पालना गर्नुपर्ने आचारसंहिता**

- स्वास्थ्य सुरक्षा सम्बन्धी सम्पूर्ण उपायहरु अपनाउने जस्तैःमाक्स लगाउने,सामाजिक दूरी कायम गर्ने, समय समयमा साबुनपानीले हात धुने,अनावश्यक रुपमा बच्चाहरु संग नझुम्मिने
- कक्षाकोठाको उचित व्यवस्थापन गर्ने जस्तैःविद्यार्थीहरु तोकिएको बेञ्चमा बसे नबसेको,कक्षाकोठाका झ्याल ढोका खुला रहे नरहेको,प्रकाश तथा हावा आवत जावत भए नभएको एकीन गरी व्यवस्थापन गर्ने
- विद्यालय हाता भित्र वा बाहिर कोही कसैलाइ विभेदपूर्ण व्यवहार नगर्ने नगराउने
- कक्षाकोठामा शिक्षण सिकाइका क्रममा कोभिड १९ संग सम्बन्धित मिल्दोजुल्दो लक्षण देखापरेमा तुरुन्तै विद्यालय प्रशासनलाई जानकारी गराउने
- कोभिड १९ सम्बन्धी सुरक्षात्मक उपायहरु पालना गर्ने, गराउने र पालना गरे/नगरेको अनुगमन,सुपरिवेक्षण विद्यालयको प्रधानाध्यापकले गर्ने

**अभिभावकज्यूहरुले पालना गर्नुपर्ने आचारसंहिता**

- आफ्नो बच्चाको लागि अनिवार्यरुपमा माक्स लगायतका स्वास्थ्य सामग्रीहरुको व्यवस्था स्वयंले गर्ने
- विद्यालय आउदा जाँदा सम्भव भएसम्म आफ्ना नानीबाबुहरुलाइ अभिभावक स्वयंले नै ल्याउने लैजाने गर्ने
- सम्भव भएसम्म आफ्ना नानीबाबुलाई तातो खानेपानी घरबाटै ल्याउने व्यवस्था गरी दिने
- बच्चालाई ज्वरो आएमा वा कोभिड संग सम्बन्धित कुनै पनि लक्षण देखापरेमा सो को जानकारी विद्यालय प्रशासनलाइ तत्कालै गराउने र नजिकको स्वास्थ्य संस्थामा स्वास्थ्य चेक जाँच गराइ निको नभए सम्म विद्यालय नपठाउने
- कोभिड १९ को संक्रमणबाट बच्नको लागि आवश्यक सुरक्षात्मक उपायहरु सम्बन्धी चेतनामूलक कुराहरु घरपरिवारमा पनि आदान प्रदान गर्ने

Phone Fax-099-420055,website:www.punarbasmun.gov.np,email.punarbasnagarpalika55@gmail.com

Scanned with CamScanner